अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः २०/०७७

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७७/११/११

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्रकुमार खाम्याहाङ्ग | उपस्थित |
| सहायक, क.प्र.शाखा | श्री सौजन कटुवाल | उपस्थित |

**मिति २०७७/११/११ गते बसेको नगर कार्यपालिका बैठकबाट देहाय बमोजिम निर्णयहरु गरियो ।**

१. अर्जुनधारा नगरपालिका वडा नं ८ मा रहेको श्री शनिश्चरे बहुमुखि क्याम्पसमा निर्माण हुने क्याम्पस भवनको नगरपालिकामा बुझाउनु पर्ने नक्सापास दस्तुर मिनाहाका लागि अनुरोध भई आएको सम्बन्धमा छलफल हुँदा आगामी नगर सभाबाट समर्थन हुने गरी नगरपालिका भित्र रहेका सामुदायिक शैक्षिक संस्थाहरु तथा नेपाल सरकारबाट आयकर छुट सुविधा प्राप्त गरेका धार्मिक संघसंस्थाहरुको नक्सापपास दस्तुर छुट गर्ने निर्णय गरियो । (राजश्व शाखा/प्राविधिक शाखा)

२. अर्जुनधारा नगरपालिका वडा नं १ स्थित श्री हचुमासा सामुदायिक वन उपभोक्ता समूह काठदाउरा विक्री वितरण सिफारिसका लागि अनुरोध भई आएको सम्बन्धमा छलफल हुँदा डिभिजन वन कार्यालयबाट काठ दाउरा संकलन सहमति प्राप्त गरी संकलन भएका काठ दाउराका विक्री वितरणका लागि सामुदायिक वनबाट सिफारिस माग भई आएमा डिभिजन वन कार्यालय, झापामा सिफारिस गर्ने निर्णय गरियो । (सामुदायिक विकास शाखा )

३. यस नगरपालिकामा सञ्चालन हुने भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धि कार्यका सम्बन्धमा यस नगरपालिका जनप्रतिनिधि, नगरस्तरीय सहजिकरण समितिका पदाधिकारी, जिल्ला समितिका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, झापा, मालपोत कार्यालय तथा नापी कार्यालय झापाका प्रतिनिधि समेतको सहभागितमा एक अभिमुखिकरण कार्यक्रम मिति २०७७/११/१६ गते आइतबारका दिन सञ्चालन हुने निर्णय गरियो ।(कर्मचारी प्रशासन शाखा)

४. यस नगरपालिकाका लागि चालु आर्थिक वर्ष २०७७/०७८ का लागि शिक्षा तर्फ प्राप्त सशर्त अनुदानबाट भौतिक पूर्वाधार अन्तर्तग विद्यालय भवन, Wash सुविधा सहितको शौचालय , कक्षा कोठा निर्माण र विभिन्न किसिमका कार्यक्रमगत अनुदान रकम विद्यालयहरुलाई बाँडफाँड गर्ने सम्बन्धमा शिक्षा शाखाको सिफारिसमा आवश्यक निर्णयका लागि श्रीमान नगर प्रमुखज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।(शिक्षा शाखा)

५. अर्जुनधारा नगरपालिकाको प्रस्तावित शनिश्चरे अस्पतालको प्रशासनिक संगठन तथा जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु आवश्यक रहेकाले सोका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।(स्वास्थ्य शाखा)

६. यस नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धि कार्यविधि, २०७७ बमोजिम स्थापना हुने भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको विवरण तथा तथ्याङ्क संकलन इकाइका लागि स्थानीय तहबाट व्यवस्थापन गर्नुपर्ने जनशक्तिका सम्बन्धमा तोकिएको खर्च शीर्षकबाट प्रोत्साहन भत्ता उपलब्ध गराउने गरी तथ्याङ्क संकलक तथा सामाजिक परिचालकको हकमा शिक्षा शाखाको समन्वयमा सामुदायिक विद्यालयका शिक्षकहरु समेत परिचालन गर्ने गरी कर्मचारी व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(शिक्षा/क.प्र.शाखा)

७. यस नगरपालिकाका नदीहरुबाट नदीजन्य सामाग्री उत्खननका लागि आइइ तथा इआइएका लागि राष्ट्रपति चुरे मधेश तराइ संरक्षण विकास समिति, खुमलटारबाट सहमति प्राप्त गर्ने कार्यका लागि अर्जुनधारा नगरस्तरीय जलाधार व्यवस्थापन समितिका संयोजक श्री केदार पराजुलीलाई कार्यालयबाट खटाई पठाइएकोमा निजलाई सहायकस्तर कर्मचारी सो सरहको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरियो ।(आर्थिक प्रशासन शाखा)

८. अर्जुनधारा नगरपालिका वडा नं ५ स्थित अर्जुनधारा दैवी प्रकोप व्यवस्थापन समूहको क्षेत्रमा प्रस्तावित चिल्ड्रेन पार्क छेउमा निर्माण भएको आरसिसि तटबन्धनको माथिल्लो भागमा फलामको एङ्गल फलाम राख्नका लागि आगामी आ.व. २०७८/०७९ मा उपलब्ध हुने हुने गरी रु १ लाख ५० हजार मात्रको दायित्व सृजना गरी सम्झौता गर्ने निर्णय गरियो । (योजना शाखा/ आर्थिक प्रशासन शाखा)

९. यस नगरपालिकाको कार्यालयबाट मिति २०७७/१०/१८ बाट अनिवार्य अवकाश हुनु भएका सहायकस्तर चौथो तहका कर्मचारी श्री अर्जुनप्रसाद अधिकारीको तत्कालिन खुदुनाबारी गाउँ विकास समितिको च.नं. ५८४ मिति २०५८/०९/०६ नियुक्ति सम्बन्धि पत्रमा स्थायी नियुक्ति भनी उल्लेख नभएको तर सोही कार्यालयको च.नं ९९२ मिति २०६३/१२/३० को बढुवा नियुक्ति सम्बन्धि पत्रमा निजको स्थायी नियुक्ति २०५८/०९/०६ नै रहेको भन्ने खुल्न आएकाले सोही मितिलाई स्थायी नियुक्ति मानी निजको नियमानुसार पाउने उपदान तथा अन्य सुविधा भुक्तान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(आर्थिक प्रशासन शाखा/कर्मचारी प्रशासन शाखा)

१०. अर्जुनधारा नगरपालिका वडा नं ३ बस्ने श्री सरस्वती राईले अर्जुनधारा नगरपालिका वडा नं ३ मा गाउँघर क्लिनिक निर्माणका लागि साविक पारखोपी-४, हाल अर्जुनधारा-३ कि.नं. ४१६५ को ज.वि. १-२-१५.५ मध्येबाट ०-०-१२ बाट जग्गा निःशुल्क उपलब्ध गराउनुहुने भएको र उक्त जग्गा गाउँघर क्लिनिक भवन निर्माणका लागि उपयुक्त समेत रहेकाले उक्त जग्गा नियमानुसार यस कार्यालयको नाममा नामसारीको आवश्यक प्रक्रियाका लागि झापा जिल्लाका श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू तथा जिल्लास्तरीय सिफारिस समिति समक्ष अनुरोध गर्ने निर्णय गरियो ।